# बुढिगंगा नगरपालिकाको बिनियोजन ऐन

बुढिगंगा नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७६/०३/३१

**प्रस्तावनाः** बुढिगंगा नगरपलिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम बुढिगंगा नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " बुढिगंगा नगरपालिकाको विनियोजन ऐन,२०७६ " रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक बर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र्थिक बर्ष २०७६/७७ को निमित्त नगरकार्यपालिका वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च,पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु.५२,५४,४४,०००।-(बाउन्न करोड चौपन्न लाख लाख चौवालिस हजार मात्र।-) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक बर्ष २०७६/७७ को निमित्त बुढिगंगा नगरकार्यपालिका ,वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन आएमा नगर कार्यपालिकाकले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ % मा नबढ्ने गरी रकमान्तर गर्न सकिनेछ । तर पुँजिगत शिर्षबाट चालु शिर्षकमा रकमान्तर गर्न भने सकिने छैन ।

(३) उपदफा २ मा जुनसुके कुरा लेखिएको भएतापनि एक शर्षकबाट अर्को शर्षकमा २५% रकम रकमान्तर गर्दा सभाबाट पछि स्वीकृति हुने गरि कार्यपालिकाको बेठकबाट पारित गराउनु पर्नेछ ।

दीपक सिंह शाही
प्रमुख